**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय,**

**पोखरा, नेपाल**

तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/१४ गते

गण्डकी प्रदेशको शिक्षा, संस्कृति, पुरातत्व संरक्षण क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुका लागि सहयोग पुऱ्याउनका लागि चालु आ.वमा समावेश भएको अनुसन्धान सहायता कार्यक्रममा सहभागी हुन चाहने सरोकारवालाहरुका लागि तोकिएका कागजातहरु सहित मिति २०८१/१०/२० गते भित्र सम्बन्धित जिल्लास्थित **सामाजिक विकास कार्यालय वा मन्त्रालयमा** प्रस्ताव सहितको निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | पेश गर्नुपर्ने कागजातहरु | प्रस्ताव पेश गर्न पाउने |
|---|---|---|
| १ | अनुसुची-२ को ढाँचामा प्रस्ताव र माग निवेदन | क. स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययन गर्ने गण्डकी प्रदेशमा स्थायी ठेगाना भएको विद्यार्थी<br>ख. गण्डकी प्रदेशमा सञ्चालित शिक्षण संस्थामा कार्यरत (उच्च शिक्षामा अध्यापन गर्ने) जनशक्तिहरु |
| २ | क) विद्यार्थीले पेश गर्नुपर्नेः<br>१. लागत अनुमान सहितको प्रस्ताव<br>२. सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत प्रस्तावना पत्र वा सिफारिस पत्र<br>३. स्नातकोत्तर तहमा भर्ना भई नियमित अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र<br>४. परिचय पत्र प्रतिलिपी<br>**ख) शिक्षण संस्थामा कार्यरत जनशक्तिले पेश गर्नुपर्नेः**<br>१. लागत अनुमान सहितको प्रस्ताव<br>२. सम्बन्धित शिक्षण संस्थामा अध्यापनरत रहेको र उक्त अनुसन्धान शीर्षकमा बिगत ५ वर्ष यता उक्त शिक्षण संस्थाका विद्यार्थी एवम् अध्यापकहरुबाट अनुसन्धान नभएको सम्बन्धमा प्रष्ट खुलाईएको सिफारिस पत्र<br>३. परिचय पत्र प्रतिलिपी | |

यस सम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा तथा मूल्याङ्कनका आधारहरु सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेभसाइट mosd.gandaki.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ। म्याद भित्र प्राप्त प्रस्तावहरु मात्र मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछ ।

..........................

तोयनाथ लम्साल

उपसचिव